भुम्लु गाउँकार्यपालिकाको बैठक संख्याः ०७

आ व : २०७९/८०

मितिः २०७९ मंसिर २९ गते बिहिबार

समयः १२:३० दिवा

स्थानः भुम्लु गाँउपालिकाको सभाहल

आज मिति २०७९ मंसिर २९ गते बिहिबारका दिन यस भुम्लु गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेल ज्यूको अध्यक्षतामा यस भुम्लु गाउँकार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको निर्णय गरियो।

उपस्थितिः

१. श्री प्रेम बहादुर भुजेल - अध्यक्ष
२. श्री जितेन्द्रमान तामाङ्ग उपाध्यक्ष
३. श्री लेख बहादुर श्रेष्ठ सदस्य
४. श्री ~~सुजन भण्डारी~~ सदस्य
५. श्री ज्ञान वहादुर तामाङ्ग सदस्य
६. श्री लोक बहादुर कुँवर सदस्य
७. श्री अञ्चल कुमार लामा सदस्य
८. श्री भरत बहादुर शिवभक्ति सदस्य
९. श्री ~~रमेश राजे खरेल~~ सदस्य
१०. श्री मोतिलाल तामाङ्ग सदस्य
११. श्री दल बहादुर तामाङ्ग सदस्य
१२. श्री केसरमान लामा सदस्य
१३. श्री कल्पना पहरी सदस्य
१४. श्री कुमारी विश्वकर्मा सदस्य
१५. श्री चमेली परियार सदस्य
१६. श्री शान्ती ठकुरी सदस्य
१७. श्री सुलभ पहरी सदस्य
१८. श्री विष्णु बहादुर पहरी सदस्य
१९. श्री देवेन्द्र सुवेदी सचिव

अन्य उपस्थितिः

२०. श्री रुपक अधिकारी - प्रशासन तथा योजना शाखा प्रमुख
२१. श्री साकार अधिकारी - पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख
२२. श्री विक्रम वस्नेत - आर्थिक प्रशासन शाखा प्रमुख

**प्रस्ताव न. १ : भुउपयोग परिषद गठन गर्ने सम्बन्धमा ।**

निर्णय न.१ : प्रस्ताव न. १ माथि छलफल गर्दा यस गाउँपालिका भित्रका सवै जग्गाहरुको वर्गीकरण गर्ने प्रयोजनका लागि भु- उपयोग ऐन २०७६, को दफा १८ मो उपदफा २ बमोजिम भुम्लु गाउँकार्यपालिकाले नै भुउपयोग परिषद रुपमा काम गर्ने निर्णय गरियो ।साथै सोहि ऐनको दफा २०(१) बमोजिम कार्यान्यन समिति समेत गठन गर्ने र हाललाई अस्थायी वर्गीकरण गरी जग्गालाई कृषि क्षेत्र र गैर कृषि क्षेत्र वर्गीकरण गर्ने प्रयोजनका लागि वडा कार्यलयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव न. २ : अपाङ्गता सहायता कक्ष स्थापना गर्ने सम्बन्धमा ।**

प्रस्ताव न. २ माथि छलफल गर्दा भुम्लु गाउँपालिका भित्र १ अपाङ्गता सहायता कक्ष स्थापना गर्ने निर्णय गरियो । साथै सो सहायता कक्षका सञ्चालनका लागि आवश्यक पर्ने कार्यालय सामाग्री सहयोग गर्नका लागि श्री श्रोत व्यवस्थापन तथा ग्रामीण सशक्तिकरण केन्द्र(रिमरेक) धुलिखेल, काभ्रेलाई पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.३ :संघ/ प्रदेशले सञ्चालन गर्ने समपुरक, विशेष र सशर्त योजनाहरुको लागि जग्गा भोगचलन गर्ने सम्बन्धमा**

प्रस्ताव न. ३ माथि छलफल गर्दा भुम्लु गाउँपालिकाबाट सञ्चालन भएका तपशिल बमोजिमका योजनाहरुका लागि आवश्यक जग्गाहरु भोगचलनमा दिने निर्णय गरियो ।

क. **चौरकुना खेलमैदान** भुम्लु गाउँपालिका वडा नं ०५
ख. **सापिङ्ग खेलमैदान** भुम्लु गाउँपालिका वडा नं ०१
ग. **गिद्दे डाँडा खेलमैदान** भुम्लु गाउँपालिका वडा नं ०२

**प्रस्ताव नं ४: कार्यविधि पारित गर्ने सम्बन्धमा।**

यस प्रस्ताव माथि छलफल गर्दा तपशिल उल्लेखित कार्यविधिहरु पारित गर्ने निर्णय गरियो।

क. भुम्लु गाउँपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि २०७९
ख. भुम्लु गाउँपालिकाको भुउपयोग कार्यविधि २०७९
ग. खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि २०७९
घ. श्रम सहकारी गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७९

**प्रस्ताव न. ५ : मायादेवी कन्ट्रक्सनलाई कारवाही गर्ने सम्बन्धमा**

प्रस्ताव न.५ माथि छलफल गर्दा यस गाउँपालिकाले आहान गरेको आन्तरिक आय तर्फको विधुतीय वोलपत्र BRM/NCB/IR/079/80 को लागि श्री माया देवी कन्सट्रक्सन प्रा लिको वोलपत्र(मुल्य अभिवृद्धि कर सहित रु ७७,४०,५००।००) सारभुत रुपमा प्रभावग्राहि देखिइ सम्झौताका लागि आहान गरेकोमा उक्त संस्था सम्झौता गर्न नआएको हुनाले ठेक्का सम्बन्धी शर्तको क्र सं १४ को शर्त अनुसार कबोल गरिएको रकमको ५ प्रतिशतले हुन आउने रु ३८७०२५।०० रकम सो फर्मको बैक जमानत बाट जफत गरी श्री माया देवि कन्ट्रक्सन प्रा लि लाइ यस भुम्लु

गाउँपालिकाबाट आह्वान गरिने नदी जन्य पदार्थको उत्खनन सम्बन्धी ठेक्कामा दुइ वर्षका लागी कालो सूचीमा राखे निर्णय गरियो।

**प्रस्ताव न. ६ : गरिब परिवार परिचय पत्र वितरण सम्बन्धमा।**

प्रस्ताव न. ६ माथि छलफल गर्दा यस गाउँपलिका भित्रका गरिब परिवार परिचय पत्र प्राप्त गर्ने परिवारलाई परिचय पत्र वितरण प्रयोजनार्थ गरिब परिवार परिचय पत्र वितरण कार्यविधि २०७९ को दफा ७(४) अनुसार प्रमुख प्रशासकीय अधिकृत समक्ष रहेको अधिकार वडा सचिवलाइ प्रत्यायोजन गरि परिचय पत्र वितरण सहजिकरण गर्ने आवश्यक स्वीकृति दिने निर्णय गरियो।

**प्रस्ताव न. ७ :कर्मचारी आवश्यकता सम्बन्धमा**

प्रस्ताव न. ७ माथि छलफल गर्दा यस गाउँपालिकाको लागि तपशिल बमोजिमको कर्मचारीहरु माग गर्ने निर्णय गरियो ।

| क्र.स | पद | माग सङ्ख्या | |
|---|---|---|---|
| १ | हेभी सवारी चालक (स्क्याभेटर चालक) | १ जना | |
| २ | हेभी सवारी चालक (टिपर) | १ जना | |
| ३ | हेल्पर (स्क्याभेटरका लागि) | १ जना | |

**प्रस्ताव न. ८: पर्यटन गुरुयोजना निर्माण गर्ने सम्बन्धमा**

निर्णय न.८: प्रस्ताव न. ८ माथि छलफल गर्दा भुम्लु भित्रका पर्यटकीय क्षेत्रको प्रचार प्रसार गर्ने र पर्यटकीय क्षेत्रको विकास गर्नका लागि पर्यटन गुरुयोजना निर्माण गर्ने निर्णय गरियो । यसका लागि नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान(नेपाल माउन्टेन एकेडेमी) सँग साझेदारी गरी काम सुरु गर्ने निर्णय गरियो ।

**प्रस्ताव न. ९ : फोहोरमैला व्यवस्थापनका लागि प्रस्ताव आह्वान गर्ने सम्बन्धमा ।**

निर्णय न.९: प्रस्ताव न. ९ माथि निर्णय गर्दा यस भुम्लु गाउँपालिकाको दोलालघाट बजार क्षेत्रमा उत्पादन हुने फोहोरमैला को उचित व्यवस्थापनका लागि प्रस्ताव आवह्वान गर्ने निर्णय गरियो।

**प्रस्ताव न. १०: व्यवसाय दर्ताको लागि घुम्ती सिविर सञ्चालन गर्ने सम्बन्धमा**

निर्णय न.१०: प्रस्ताव न. १० माथि छलफल गर्दा व्यवसाय दर्ताका लागि घुम्ती शिविर सञ्चालन गर्ने निर्णय गरियो, गाउँपालिकाबाट पहिले गरेका लगत संकलनलाई आधार बनाई वडा कार्यालयको सक्रियतामा लगत संकलनको काम अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव न. ११: कृषि अनुसन्धान केन्द्र स्थापना गर्ने सम्बन्धमा**

निर्णय न. ११: प्रस्ताव न. ११ माथि छलफल गर्दा कृषि अनुसन्धान केन्द्र स्थापनाको लागि जग्गा प्राप्ती गर्ने प्रयोजनका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव न. १२: सडक मोटरबाटो लगत कट्टा गर्ने सम्बन्धमा ।**

निर्णय न.१२: प्रस्ताव न. १२ माथि छलफल गर्दा भुम्लु गाउँपालिका भित्र रहेका सडकहरुको लगत कट्टा गरी सडक क्षेत्र कायम गर्ने प्रयोजनार्थ एक जना अमिन नियुक्त गर्ने वा डोर खटिइ ल्याउन आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो।

**प्रस्ताव न.१३: सामि परियोजना सम्बन्धमा**

निर्णय न. १३: प्रस्ताव न. १३ माथि छलफल गर्दा सुरक्षित आप्रवासन सम्बन्धी काम गर्नका लागि सिभिक फोरमसँग गरिएको सम्झौता अन्त्य गर्दै अब उप्रान्त सो काम गाउँपालिका मातहतबाट गर्ने निर्णय गरियो साथै उक्त कार्यको लागि सिभिक फोरमले हाल सम्म गरिरहेको कार्य स्विकार गर्ने तथा उक्त संस्था सँगको सम्झौता यहि आ व को असोज मसान्तमा समाप्त भएकोमा त्यय यताको सम्पुर्ण प्रशासनिक तथा कार्यशर्तगत जिम्मेवारीहरु स्विकार गर्ने निर्णय गरियो।

**प्रस्ताव न. १४: विविध**

क. भुम्लु गाउँपालिका भित्र रहेका खानेपानी श्रोतहरुको गुणस्तर परिक्षण गरि खानेपानी उद्योग स्थापनार्थ श्रोतहरुबाट पानी संकलन गरि गुणस्तर परीक्षण गर्ने निर्णय गरियो। साथै गुणस्तर परीक्षणको खर्च गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो।

ख. भुम्लु गाउँपालिका वडा न.८ को सिफारिस बमोजिम भुम्लु गाउँपालिका वडा न.८ मा स्थायी रुपमा बसोबास गर्ने मान ब. श्रेष्ठको दुर्घटनामा परी मृत्यु भएको र निजको परिवारको आर्थिक अवस्था कमजोर भएकाले पोष्टमार्टममा गर्नका लागि लागेको खर्च स्वरुप निजका दाजु (मृतक अविवाहित रहेको) नारायण कृष्ण श्रेष्ठलाई उपचार रु.२०,०००।– आर्थिक सहायता गर्ने निर्णय गरियो ।

ग. भुम्लु गाउँपालिकाको आ व २०७९/८० को विनियोजन ऐन २०७९ ले विनियोजन गरेको शिर्षक नं २२५२२ को ५० प्रतिशत अनुदानमा सुधारिएको मलखाध कार्यक्रम शिर्षक बाट विनियोजित रु एक करोड रकम मध्धे खर्च शिर्षक नं २२२१२ को इन्धन(कार्यालय प्रयोजन)मा गाउँ सभा मार्फत अनुमोदन हुने गरि २५ प्रतिशत रकम रकमान्तर गर्ने निर्णय गरियो।

घ. भुम्लु गाउँपालिकाको वन क्षेत्रको रणनीति/योजना (२०७९-२०८९) पारित गर्ने निर्णय गरियो।